दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं।
हाम्रा सांस्कृतिक पर्वहरुको जगेना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड



वर्ष ३६ | अंक ३०० | बुटवल | २०८१ कार्तिक २२, गते बिहीबार | नेपाल संवत ११४५ | Thursday Nov.07, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## अमेरिकी राष्ट्रपतिमा ट्रम्प विजयी



बुटवल। अमेरिकाको ४७औं राष्ट्रपतिमा रिपब्लिकन उम्मेदवार डोनाल्ड ट्रम्प निर्वाचित भएका छन्।

सन् २०१६ मा पहिलो पटक राष्ट्रपति निर्वाचित भएका ट्रम्प २०२० को चुनावमा भने जो डेमोक्र्याट उम्मेदवार जो बाइडनसँग पराजित भएका थिए।

त्यसपछि पुनः यसवर्षको चुनावमा उम्मेदवारी दिएका ट्रम्पले डेमोक्र्याट उम्मेदवार उप-राष्ट्रपति कमला ह्यारिसलाई पराजित गरेर दोस्रो कार्यकालका लागि राष्ट्रपति निर्वाचित भएका हुन्।

१० इलेक्टोरल भोट भएको विस्कन्सिन र ३ इलेक्टोरल भोट भएको अलस्कामा रिपब्लिकनको जित पक्का भएको छ। योसँगै राष्ट्रपतिमा ट्रम्पको इलेक्टोरल भोट २७९ पुगेको छ । जबकि राष्ट्रपति निर्वाचित हुनका लागि २७० इलेक्टोरल भोट भए पुग्छ।

## मनाङ-२ मा उप-निर्वाचन हुने



काठमाडौं। ज्यान मार्ने उद्योगमा गण्डकी प्रदेश सांसद राजीव गुरुङ (दिपक मनाङे) दोषी ठहर भएपछि मनाङ-२ मा उप-निर्वाचन हुने भएको छ।

सर्वोच्च अदालतबाट दोषी ठहर भएपछि गण्डकी प्रदेशसभाका सांसद दिपक मनाङे पदमुक्त हुने अवस्थामा पुगेका छन् । सर्वोच्च अदालतले मनाङेलाई ५ वर्ष कैद सजाय गर्ने तत्कालीन पुनरावेदन अदालत पाटनको १२ वर्ष पुरानो फैसलालाई मंगलबार सदर गरेको हो।

सर्वोच्च अदालतको फैसलासँगै प्रहरीले सांसद मनाङेलाई पक्राउ गरेर फैसला कार्यान्वयनका लागि कारागारमा पठाउने बाटो खुलेको छ। पाँच वर्ष कैद सजाय तोकिएका मनाङे दुई वर्ष ८ महिना कैद बसिसकेका छन् । उनले थप दुई वर्ष ४ महिना कैद सजाय भोग्न बाँकी छ।

झुटो विवरण बुझाएर निर्वाचित भएकाले उनको पद खारेज हुनुपर्ने मागसहितको रिट निवेदन सर्वोच्च अदालतमा विचाराधीन छ । मनाङेविरुद्धको मुद्दाको फैसला अन्तिम भएको, दोषी ठहर भएका उनी यो प्रदेशसभाको अवधिभर पदमा फर्किने सम्भावना नभएकाले सांसद पद खाली भएको मनाङ-२ मा उप-निर्वाचन हुने अवस्था आउनसक्ने निर्वाचन आयोगमा बसेर काम गरिसकेका पूर्व उपन्यायाधिवक्ता गुरु वाग्लेले बताए। फैसला अन्तिम भएको र त्यसका कारण सम्बन्धित सांसद पदमा फर्किने अवस्था नरहेमा उप-निर्वाचन गराउनुपर्ने उनी बताउँछन्।

## तीनै तहमा कांग्रेस-एमाले संयन्त्र



काठमाडौं। सत्तारुढ दल नेकपा एमाले र नेपाली कांग्रेसले तीनै तहका सरकार सञ्चालन व्यवस्थित र प्रभावकारी बनाउन संयन्त्र गठन गरेका छन्। एमाले नेता राजेन्द्र गौतमले दुई दिनअघि गठित संयन्त्रमा केन्द्रको हकमा एमालेका चार र कांग्रेसका चार जना नेता रहने गरी ८ सदस्यीय संयन्त्र गठन गरिएको बताए।

उनका अनुसार संयन्त्रमा एमालेबाट वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्ष तथा अर्थमन्त्री विष्णु पौडेल, महासचिव शंकर पोखरेल र प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार समेत रहेका उप-महासचिव विष्णु रिमाल रहेका छन्।

कांग्रेसबाट उपसभापति पूर्णबहादुर खड्का, महामन्त्री गगन थापा, गृहमन्त्री रमेश लेखक र परराष्ट्र मन्त्री आरजु राणा देउवा छन्। यसैगरी प्रदेशमा तीन तीन जना जना रहने गरी संयन्त्र विस्तार गर्ने र जिल्लामा दुई दुई जना रहने गरी संयन्त्र बनाइने गौतमको भनाइ छ।

# तराई-मधेशमा छठको रौनक



**मोहम्मद हबिब**

*भैरहवा*

हिन्दुहरुको दोस्रो महान पर्व तिहार समापनसँगै तराईमा हर्षोल्लासका साथ मनाइने छठ पर्वको तयारी सुरु भएको छ । दीपावली सकिएसँगै तराई- मधेसवासी छठ पूजाका सामग्री किनमेल गर्न व्यस्त देखिएका छन् । तराई-मधेसका प्रमुख बजारमा छठको चहलपहल बढेको छ।

भैरहवा र आसपासका छठघाटलाई 'दुलही'जस्तै सिँगारिएको छ। प्रायःजसो यहाँका सर्वसाधारणले आफ्नो घरदैलो नजिकै रहेको पोखरी तथा छठघाटमा गएर छठ पूजाअर्चना गर्ने परम्परा रहेको छ। सोहीअनुसार यहाँका सर्वसाधारणले आ-आफ्नो घरनजिकै रहेको पोखरी तथा घाटलाई सरसफाइ तथा सजावट गरेर चिटिक्क पार्ने काम गरिरहेका छन्। छठ पर्वलाई भव्य र सभ्य ढंगले मनाउने गरी तयारी तीव्र पारिएको जानकारी दिए।

तराई-मधेशका महिलाले छठपूजा गर्नाले आफ्नो परिवार र सन्ततिको सुख समृद्धिको कामना गर्दै मनाउने गरिन्छ । छठ पर्व विशेषगरी कात्तिक शुक्ल चतुर्थीका दिनदेखि आरम्भ भएर षष्ठीको दिनसम्म मनाउने गरिन्छ । सुर्यको उपासना गरी मनाइने छठ पर्व भैरहवा तथा आसपासका वासिन्दाले बिगत ५ दशकदेखि नेपाली सेनाको काली भक्ती गणमा अवस्थित छठमाई पोखरीमा सामूहिक रुपमा मनाउँदै आएका छन् । मूलतः तराईवासी र मैथिल समाजले मनाउने विशेष चाडको रुपमा रहेको यो पर्व भैरहवा क्षेत्रका बासिन्दाले पनि मनाउने क्रम बढ्दो छ। दिनानुदिन छठमाईप्रतिको आस्था बढ्दै गएकाले अहिले हिन्दुमात्र नभई केही अन्य धर्मावलम्बीहरुले पनि मनाउने गर्छन्। भैरहवामा पनि हनुमान मन्दिर र काली भक्ति गण (आर्मी क्याम्प)मा छठको पूजा गरिने गरिएको छ भने नौडिहवा,बसन्तपुर, बेथरीलगायतका आसपासममा समेत सामूहिक रुपमा छठको पूजा हुने गरेको छ, जसको तयारीमा आयोजकहरु जुटेका छन्।

कार्तिक शुक्ल पक्षको चौथी तिथि आजको दिनबाट छठपर्व विधिवतरूपमा सुरु हुन्छ । पूजाका लागि छठ स्थलमा सरसफाइ तथा सजावटका काम भइरहेका छन्, वेदी बनाउने र ठाउँ सुरक्षित गर्न परिवारले पहिलै नै व्यवस्थापन गरिरहेका छठ पूजा समारोह व्यवस्थापन समितिका संयोजक आनन्दप्रसाद गुप्ताले बताए।

पूजा गर्नका लागि भक्तजनहरुले करिब १ हजार वेदी बनाएको श्रीराम जानकी हनुमान मन्दिर व्यवस्थापन समितिका छठ पूजा समिति संयोजक नरेन्द्र रौनियारले बताए। ३ वटै पोखरीमा ताजा पानी राखिएको छ, छठ पूजाको तयारी अन्तिम चरणमा रहेको उनले बताए। लक्ष्मी पूजाको चार दिनपछि अर्थात् कार्तिक शुक्ल पक्षको चौथी तिथिका दिनबाट छठपर्व विधिवतरूपमा आरम्भ हुन्छ। छठ पूजाका लागि चाहिने सामग्री, हरिया तरकारी र फलफूल किन्नेको निकै भीडभाड देखिएको छ। खासगरी छठ पूजामा छठी मातालाई अर्पण गरिने प्रसादमा स्याउ, केरा, सुन्तला, पानी भएको नरिवल, उखु, हरियो बोडी, पानी सिङ्गडा, मुला, अदुवाको बोट पर्छन्। यो समय माटो तथा बाँसका सामग्री खरिद समेत गरिन्छ।

अहिले छठपर्व मनाउनेहरू पोखरीको डिल र नदीतटको सरसफाइ गर्दै आफ्ना लागि पूजास्थल सुरक्षित बनाउन थालेका छन्। पुजास्थलमा लाखौं रकम खर्चेर सरसफाइ, सजावट र व्यवस्थापनका लागि काम पनि धमाधम भइरहेको छ।

जलाशय र तलाउलगायतका पोखरीजस्ता स्थानमा सूर्य देवता र छठी माताको पूजा आराधनाका लागि विशेष साजसज्जा गर्न थालिएको छ। छठ पूजामा व्रतालुहरू राति पूजा स्थानमै बस्छन् भने ग्रामीण क्षेत्रमा अधिकांश व्रतालु साँझ घर फर्कछन् र भोलिपल्ट बिहानै घाटमा गएर उदाउँदो सूर्यलाई अर्घ दिने गरिन्छ।

विशेषगरी, भाकल गरेकाले यो पर्व मनाउँछन्। यो पर्व मनाउँदा चर्मरोग निको हुने, पुत्रलाभ, आर्थिक समृद्धि तथा सुख, शान्ति प्राप्त हुने जनविश्वास छ।

मंगलबारदेखि सुरु भएको पर्वअन्तर्गत बिहीबार साँझ अस्ताउँदो सूर्यलाई र शुक्रबार उदाउँदो सूर्यलाई अर्घ दिएपछि सम्पन्न हुन्छ।

**के-के हुन्छ छठमा ?**

कात्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म ४ दिनसम्म विभिन्न विधि गर्दै मनाइने सूर्यदेवको आराधना, उपासना र पूजाको पर्व छठ मंगलबारदेखि सुरु भएको छ। पहिलो दिन मंगलबार व्रतालुहरु नुहाई धुवाई गरी चोखो भई आफैँ तयार गरेको स्वच्छ सफा सात्विक भोजन(खाना) गरेर वर्त बसिन्छ, जसलाई अरबाइन वा अरबा पनि भनिन्छ।

त्यस्तै 'खरना' भनिने दोस्रो दिन बुधबार दिनभर व्रतालुहरु उपवास निराहार बसेर साँझको समयमा छठ देवतालाई आगमनको निम्तो दिँदै कुलदेवताको पूजा गरिन्छ र राति अरवा अरबाइन (नुन नहालेको) खानेकुरा रोटी, खीर, नैवेद आदि शान्तमय वातावरणमा भोजन गरी आफ्ना साखासन्तानलाई 'खरना'को प्रसाद वितरण गर्ने चलन छ।

छठ पर्वको तेस्रो तथा मुख्य दिन बिहीबार षष्ठी तिथिमा सफा बस्त्र लगाई गहुँ/चामल ओखल, जाँतो वा ढिकीमा कुटान-पिसान गरी सोबाट निस्केको पीठोबाट बनाइएका विभिन्न गुलियो खाद्य सामग्री ठकुवा, भुसवा, खजुरिया, पेरुकियाजस्ता पकवान र विभिन्न फलफूल तथा मूला, गाजर, बेसारको गाँहो, अदुवा, भोगटे, उखु, ज्यामिरी, नरिवल, सुन्तला, केरा नाङ्गलो, कोनिया, सरवा, ढाकन, माटोको हात्ती, र मिठाइसहितका प्रसादहरुलाई बाँसले बनाइएको ढकी नाङ्लो आदिमा राखेर जलाशयको छेउमा गएर व्रतालुहरु पानीमा बसेर सूर्य अस्ताउञ्जेलसम्म अस्ताउँदो सूर्यलाई आराधना गर्दै दुवै हत्केलामा पिठार र सिन्दूर लगाएर अक्षता फूल हालेर अन्य अर्घ सामग्री पालोपालो गरी अस्ताचलगामी सूर्यलाई अर्घ अर्पण गरिन्छ।

सप्तमी तिथि अर्थात् चोथौ र अन्तिम शुक्रबार बिहानै पुनः छठ घाटमा पुगी जलाशयमा पसेर अघिल्लो दिन गरेको क्रम दोहोऱ्याइ प्रातःकालीन उदाउँदो सूर्य र षष्टी मातालाई दोस्रो अर्घ दिई छठ सम्पन्न गरिन्छ।

## लुम्बिनी प्रदेशमा कहाँ-कहाँ हुँदैछ उप-निर्वाचन ?

**लुम्बिनी संवाददाता**

*बुटवल*

विभिन्न कारणले स्थानीय तहमा रिक्त पदका लागि आगामी मङ्सिर १६ गते उपनिर्वाचन हुँदैछ। जिल्ला समन्वय समितिका प्रमुख दुई, गाउँपालिका अध्यक्ष दुई, उपाध्यक्ष चार, नगरपालिका प्रमुख एक, उप-प्रमुख एक र वडाध्यक्ष ३४ गरी जम्मा ४४ रिक्त पदका लागि उक्त दिन निर्वाचन हुनेछ।

निर्वाचन आयोगका अनुसार लुम्बिनी प्रदेशमा रुकुमपूर्वको पुथाउत्तरगंगा गाउँपालिकाको उपाध्यक्ष, गुल्मीको मुसिकोट नगरपालिका वडा नं. १, रोल्पाको रुन्टीगढी गाउँपालिका वडा नं. ४, बर्दियाको ठाकुरबाबा नगरपालिका वडा नं. ४, रुकुम (पूर्वी) पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं २ र कपिलवस्तु शुद्धोधन गाउँपालिका वडा नं १ का वडाध्यक्ष पदमा निर्वाचन हुँदैछ। पुथा उत्तरगंगा गाउँपालिका उपाध्यक्ष भूपेन्द्रा बूढामगर र वडा नं. २ का अध्यक्ष जसबहादुर सिर्पालीको भदौ २८ गते काठमाडौंबाट घर फर्कदै गरेको एउटै गाडी बाग्लुङमा दुर्घटनामा परेर मृत्यु भएको थियो।

आयोगका सूचना अधिकृत सुमन घिमिरेका अनुसार ओखलढुङ्गा र कैलालीका जिल्ला समन्वय समिति प्रमुख, काठमाडौंको कीर्तिपुर नगरपालिकाका प्रमुख, जाजरकोटको नलगाड नगरपालिकाका उपप्रमुख, मोरङको ग्रामथान गाउँपालिका र दैलेखको महाबु गाउँपालिका अध्यक्ष, दोलखाको गौरीशङ्कर गाउँपालिका, हुम्लाको सर्केगाड गाउँपालिका र बाजुराको स्वामीकार्तिक खापर गाउँपालिकाका उपाध्यक्ष पदका लागि निर्वाचन हुनेछ।

ताप्लेजुङको सिरिजङ्गा गाउँपालिका वडा नं ३, झापाको कन्काइ नगरपालिका वडा नं. ६, तेह्रथुमको लालीगुराँस नगरपालिका वडा नं. ८, सुनसरीको गढी गाउँपलिका वडा नं. ६, ओखलढुङ्गाको मोलुङ गाउँपालिका वडा नं. ५, उदयपुरको त्रियुगा नगरपालिका वडा नं. १२ र बेलका नगरपालिका वडा नं. ९, सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नं. १ र ४, धनुषाको धनुषाधाम नगरपालिका वडा नं. १, महोत्तरीको रामगोपालपुर नगरपालिका वडा नं. २, रौतहटको ईशनाथ नगरपालिका वडा नं. ७, राजपुर नगरपालिका वडा नं. ६ र गढीमाई नगरपालिका वडा नं. ८ को वडाध्यक्ष पदका लागि निर्वाचन हुनेछ।

काठमाडौंको कीर्तिपुर नगरपालिका वडा नं. १ र ४, काठमाडौं महानगरपालिका वडा नं. १६, नुवाकोटको ककनी गाउँपालिका वडा नं. २, मकवानपुरको हेटौंडा नगरपालिका वडा नं. १२, गोरखाको गोरखा नगरपालिका वडा नं. दैलेखको दुल्लु नगरपालिका वडा नं. १३, कालिकोटको तिलागुफा नगरपालिका वडा नं. ४, जाजरकोट कुशे गाउँपालिका वडा नं. ७, डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका वडा नं. ५, रुकुम (पश्चिम) सानीभेरी गाउँपालिका वडा नं. ५, बझाङको सुर्मा गाउँपालिका वडा नं. ४, डोटीको पूर्वीचौकी गाउँपालिका वडा नं. ६, दार्चुलाको दुहुँ गाउँपालिका वडा नं. ५ र कञ्चनपुरको भीमदत्त नगरपालिका वडा नं. ६ का वडाध्यक्ष पदका लागि निर्वाचन हुनेछ।

» बाँकी ३ पेजमा




## सम्पादकीय

# डेंगुविरुद्धको अभियान खोई ?

जाडो बढ्न थालिसकेको छ । तर डेंगुको प्रकोप कायमै छ । इपीडीमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार यस वर्ष २८ हजार २ सय १२ संक्रमित भए । अझैं केही साता डेंगुको संक्रमण कायमै रहने विज्ञहरुले बताइरहेका भए पनि डेंगुविरुद्धको अभियान सुस्त छ । डेंगुविरुद्धको अभियानअन्तर्गत पालिकाहरुले खोज र नष्ट गर अभियान अघि बढाउन ढिलाइ गरिरहेका छन् । पालिकाको बेवास्ताले पनि डेंगु संक्रमण बढिरहेको छ ।

जलवायु परिर्वतनको असरले केही वर्ष अघिसम्म तराईमा मात्रै फैलिएको डेंगु पछिल्लो वर्षदेखि पहाड हुँदै हिमाली जिल्लामा समेत उक्लिएको छ । ढिलोसम्म वर्षा भएको र जलवायु परिर्वतनको असरले लामखुट्टेका लागि अनुकुल मौसम तयार भएकाले डेंगु संक्रमणको जोखिम बद्दै गएको छ । यो वस्तुस्थितिलाई ख्याल गरेर अघि बढ्नुको साटो तहगत सरकार आ–आफ्नै ढंगले अघि बढ्नु स्वाभाविक मान्न सकिंदैन । नेपालको संघीय शासन प्रणाली समन्वयात्मक र सहकारी संघीयता हो । तहगत सरकारबिच अधिकतम सहकार्यको परिकल्पना संविधानले पनि गरेकाले पनि महामारी नियन्त्रणमा तहगत सरकारबिच अधिकतम समन्वय हुनुपर्छ । संविधान कार्यान्वयनको नेतृत्व संघीय सरकारले गरेकाले पनि संघीय सरकारको मूल दायित्व हो । यद्यपी पालिकाभित्र डेंगुविरुद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, डेंगुविरुद्ध खोज र नष्ट गर अभियान चलाउने मुख्य जिम्मेवारी पालिकाको हो । चाडबाडको बेला नागरिक डेंगु संक्रमणको जोखिममा परेका छन् । पालिकाले खोज र नष्ट अभियान चलाएको भए संक्रमण अहिले भन्दा न्यून हुन सक्थ्यो ।

डेंगु संक्रमण शहरी क्षेत्रमा बढी देखिएको छ । शहरमा संक्रमण बढी हुनुको कारण हो,–डेंगु सार्ने लामखुट्टेको सुरक्षित बसाई छ भन्ने हो । डेंगु सार्ने लामखुट्टेले सफा पानी जम्ने ठाउँमा फुल पार्छ । कुलर, फ्रिज, फुलदानी जस्ता ठाउँमा जमेको सफा पानीमा डेंगु सार्ने लामखुट्टेले फुल पार्छ । शहरमा असरल्ल छाडिएका टायरमा जमेको पानी लामखुट्टेका लागि उपयुक्त बासस्थान हुन्छ । तीन वर्षअघि बुटवलमा सबैभन्दा बढी डेंगुका बिरामी मैनाबगर क्षेत्रका थिए । त्यसो हुनुको कारण हो, मैनाबगर क्षेत्र ग्यारेज क्षेत्र हो, जहाँ टायर, टिनका डब्बाहरु असरल्ल छाडिएका छन् ।

डेंगु संक्रमण भएपछि उच्च ज्वरो आउने, जोर्नी र मांशपेशी बारम्बार दुख्ने, आँखाको गेडी दुख्ने, बेस्सरी टाउको दुख्नु, शरीरमा राता बिमिरा आउनु, वाकवाकी लाग्नु वा बान्ता हुने यसको प्रमुख लक्षण हुन् । बिरामीका लक्षण देखिएपछि बेवास्ता नगरी डाक्टर कहाँ जानुपर्छ । धेरै बिरामी डेंगुलाई बेवास्ता गर्दा जोखिममा परेका छन् । ज्वरोले च्याप्दै गएपछि मात्रै अस्पताल जाने र समयमा उपचारमा ध्यान नदिँदा मृत्युको मुखमा पुगेका घटना आइरहेकाले डेंगु संक्रमणको याममा बेलैमा डेंगु जाँच गराउनु राम्रो हुन्छ ।

# अध्ययन अनुभव र अभिव्यक्ति



दिल साहनी

समाज देश र दुनियाँलाई परिवर्तन र प्रगतिको दिशातिर मोड्न चाहने लेखक वा साहित्यकार यस कार्यप्रति प्रतिबद्ध रहेको हुन्छ । खालि मनोरञ्जन वा धन उपार्जनको लागि कलम चलाउने लेखक वा साहित्यकारको कुरा अर्को हो । तर उनीहरुको कलमबाट पनि कुनै समाजोपयोगी कुरा उत्पादित र प्रकाशित हुन्छ भने त्यो निश्चित रूपमा समाजको लागि स्वागतयोग्य कृति मान्न सकिन्छ । त्यसलाई सहर्ष स्वीकार गर्न सकिन्छ । तर यसको संभावना बहुत कम छ ।

मान्छे अध्ययन र अनुभवको संगालो हो । पेटारो हो । अध्ययन र अनुभव पढेको मान्छेले पनि गर्दछ । अनपढ मान्छेले पनि गर्दछ । अध्ययन र अनुभव किताब पढेर पनिगर्न सकिन्छ । अध्ययन र अनुभव जीवन र समाज पढेर पनि गर्न सकिन्छ । वास्तवमा जीवन एउटा पाठशाला हो । समाज त झन् एउटा विश्वविद्यालय नै हो । मान्छे एउटा सामाजिक प्राणी भएको हुनाले समाजमा नै बस्दछ । मान्छे समाज बाहिर गएर बस्न सक्दैन । घरबार परिवार सबै छोडेर हिंडेको सन्तमहन्त वा साधु पनि मान्छेका घर-घर डुल्दछ । मान्छे कै वरिपरि रहन्छ । अभ ऋमानव बस्ती नजिक नै कुटी बनाएर बस्दछ ।

समाजसितको सम्पर्क र सामाजिक व्यवहारबाट मान्छेले धेरै कुराको अध्ययन, अनुभव वा ज्ञान प्राप्त गर्दछ । यसरी ऊ अध्ययन अनुभव वा ज्ञानको भण्डार बनेको हुन्छ ।

मान्छेले जहाँबाट पनि जे अध्ययन अनुभव र ज्ञान प्राप्त गर्दछ त्यसलाई आफूभित्र गुम्साएर राख्न सक्दैन । दवाएर राख्न सक्दैन । लेख्नेले लेखेर व्यक्त गर्दछ । चित्र कोर्नेले चित्र कोरेर व्यक्त गर्दछ । गाउनेले गीत गाएर व्यक्त गर्दछ । बाजा बजाउनेले बाजा बजाएर व्यक्त गर्दछ । नाच्नेले नाचेर व्यक्त गर्दछ । अभिनय गर्नेले अभिनय गरेर व्यक्त गर्दछ । फेरि कसैले ईशारा वा संकेतले व्यक्त गर्दछ । कसैले बोलेर व्यक्त गर्दछ । कसैले नारा लाएर व्यक्त गर्दछ । कसैले भाषण गरेर व्यक्त गर्दछ । कसैले बिन्तिपत्र लेखेर व्यक्त गर्दछ । कसैले निवेदनवादी प्रतिवादी लेखेर व्यक्त गर्दछ । फेरि कसैले त मुडकीले व्यक्त गर्दछ । कसैले त बन्दुक गोला बारुद वा बमले व्यक्त गर्दछ । आखिर युद्ध पनि त बार्ताको फरक रूप नै त हो । समय परिस्थिति साधन माध्यम अनुसार मान्छेले विविध तरिकाले आफ्ना कुरा व्यक्त गर्दछ । मनभित्र गुम्साएर राखिरहँदैन । गुम्साएर राखे पनि कुनै न कुनै समयमा कुनै न कुनै रूपमा विष्फोट हुन्छ ।

साहित्यकार कवि छ भने कविताबाट आफ्ना कुरा व्यक्त गर्दछ । कथाकार छ भने कथाबाट आफ्ना कुरा व्यक्त गर्दछ । उपन्यासकार छ भने उपन्यासबाट आफ्ना कुरा व्यक्त गर्दछ । नाटककार छ भने नाटकबाट आफ्ना कुरा व्यक्त गर्दछ । निवन्धकार छ भने निवन्धबाट आफ्ना कुरा व्यक्त गर्दछ । हास्य व्यंगकार छ भने हाँस्य व्यंगबाट आफ्ना कुरा व्यक्त गर्दछ । आलोचक छ भने आलोचनाबाट आफ्ना कुरा व्यक्त गर्दछ ।

कुनै व्यक्ति बोल्दैन र मौन बस्दछ भने उसले आफ्नो मौनताबाट झन् धेरै कुरा व्यक्त गरेको हुन सक्दछ । मौन रहनु पनि भिन्नै प्रकारले बोल्नु हो । मान्छे भन्छन् बोल्ने मान्छे भन्दा नबोल्ने मान्छे झन् खतरा हुन्छ ।

मान्छेको बोल्ने कुरा आजीवन जारी रहन्छ । बच्चा जन्मिन बित्तिकै च्याँ गर्दछ । त्यो ऊ बोलेको हो । ग्रिकका ठूला दार्शनिक सोक्रेटिज दण्ड स्वरुप विषपान गरेर जेलमा मृत्युको मुखमा पुग्न थाल्दा उनले आफ्ना मनमा खेलेका कुरा अन्तिम वाक्यको रूपमा व्यक्त गर्दै प्रिय चेलालाई सम्बोधन गरी भनेका थिए –क्रिटो हामीले एसलेपियसको भालेको पैसा तिर्न बाँकी छ त्यो तिरिदिनु ।

अब प्रश्न उठ्दछ मान्छे किन बोल्दछ ? यसको एउटा उत्तर त यो पनि हुन सक्दछ – मान्छे चुप लागेर बस्न सक्दैन । यसैले बोल्दछ । यसको अर्को उत्तर यस्तो पनिहुन सक्दछ बोल्नु मान्छेको स्वभाव हो । यसैले मान्छे बोल्दछ । तर गंभीरतापूर्वक यसको जबाब दिने हो भने हामी के भन्न सक्दछौं भने मान्छेसित बोल्न पर्ने कुरा थुप्रिएर बसेका हुन्छन् । गुम्सिएर बसेका हुन्छन् । तीबोल्न चाहेका वा गुम्सिएर बसेका कुरा बोले पछि मान्छेलाई शान्ति मिल्दछ । बोले पछि उसलाई मनको ठूलो बोझ हटे जस्तो लाग्दछ । बोले पछि उसलाई निकै हलुंगो भएको अनुभूति हुन्छ ।

मान्छे किन पनि बोल्दछ भने बोल्नु भनेको आफ्नो अध्ययन अनुभव वा ज्ञान अरुसित साझा गर्नु पनि हो । आफ्नो अध्ययन अनुभव वा ज्ञान साटासाट गर्नु पनिहो । आदानप्रदान गर्नु पनि हो ।

उसरी बोल्नु भनेको कसैलाई सल्लाह सुझाउदिनु पनि हो । कसैको काम कुराको निन्दा आलोचना वा प्रशंसा गर्नु पनिहो । कसैलाई कुनै काम थाल्न हतोत्साहित गर्नु पनि हो । कुनै काम थाल्न उत्साहित गर्नु पनि हो । कसैको बोलीमा ताली बजाउनु पनि हो । कसैलाई कुनै कुराको लागि गाली गर्नु पनि हो । कसैलाई धाकधम्की दिनु वा खबरदारी गर्नु पनि हो ।

लेखक वा साहित्यकारले किन लेख्दछ भन्ने प्रश्न उठ्न सक्दछ । त्यसको जबाबमा के भन्न सकिन्छ भने लेख्नु भनेको पनि बोल्नु नै हो । आफूसामु उपस्थित नभएका मान्छेसित बोल्नु हो । लेख्नु भनेको देश र दुनियाँका मान्छेसित संवाद गर्नु हो । वार्तालाप गर्नु हो । लेख्नु भनेको वर्तमानमा मात्र बोल्नु होइन भविष्यमा पनि बोल्नु हो । होमर अझसम्म हामीसित बोलिरहेका छन् । व्यास अझसम्म हामीसित बोलिरहेका छन् । बाल्मिकी अझसम्म हामीसित बोलिरहेका छन् । कालीदास अझसम्म हामीसित बोलिरहेका छन् । शेक्सपियर अझसम्म हामीसित बोलिरहेका छन् । दाँते अझसम्म हामीसित बोलिरहेका छन् । भानुभक्त अझसम्म हामीसित बोलिरहेका छन् । देवकोटा अझसम्म हामीसित बोलिरहेका छन् । म्याक्सिम गोर्की अझसम्म हामीसित बोलिरहेका छन् । लु स्यून अझसम्म हामीसित बोलिरहेका छन् ।

लेखक वा साहित्यकारले आफ्नो अध्ययन अनुभव वा ज्ञान आम पाठकसित साझा गर्न पनि लेख्दछ । संवाद गर्न पनि लेख्दछ । लेखक वा साहित्यकारले सत्यको उद्घाटनको लागि पनि लेख्दछ । यथार्थको चित्रण गर्नको लागि पनि लेख्दछ । व्यक्ति वा समाजमा परिव्याप्त विकृति र विसंगतिको आलोचना गर्न पनि लेख्दछ । समाजमा सुधार वा परिवर्तन ल्याउन पनि लेख्दछ । समाजमा ठूलो उथलपुथल ल्याउन पनि लेख्दछ । समाजलाई फेर्न पनि लेख्दछ । समाजमा ठूलो क्रान्ति ल्याउन पनि लेख्दछ ।

हुन त लेखक वा साहित्यकारले किन लेख्दछ भन्ने प्रश्नको उत्तरमा हामी यो पनि भन्न सक्दछौं-लेखक वा साहित्यकारले आफ्नो पुँजीको वृद्धिको लागि कलमको फेक्टरीबाट साहित्यिक कृतिको रूपमा पुस्तकहरूको उत्पादन गर्दछ र माग पूर्तिका लागि बजारीकरणको माध्यमबाट यसका उपभोक्ता पाठकहरूसम्म सप्लाइ गर्दछ । तर यस सम्बन्धमा हामी यस्तो उत्तर पनि दिन सक्दछौं-लेखक वा साहित्यकार पेट पाल्न र जीविका चलाउनको लागि लेख्दछ । कलम चलाउँदछ । लेखक वा साहित्यकारहरूको सम्बन्धमा कुरो यतिमा मात्र टुंगिन्न । कुनै न कुनै लेखक वा साहित्यकार लेखेर धन कमाएका छैनन्, बरु टाट पल्टेका छन् । विश्वविख्यात रुसी लेखक टल्सट्वाए सम्पन्न जमिन्दार थिए । कलम चलाएर उनी धनी भएनन् बरु टाट पल्टन पुगे । प्लेट फर्म वा सीहन पुगे । हो लेखन धन कुम्ल्याउने कुरो मात्र नभएर भएको धन सम्पति उडाएर टाट पल्टिने कुरा पनि हुन सक्दछ ।

साँचो कुरो गर्ने हो भने लेखक वा साहित्यकार आफ्नो अध्ययन अनुभव वा ज्ञान आफूभित्र गुम्साएर राख्न सक्दैन । ऊ आफ्नो अध्ययन अनुभव वा ज्ञानलाई देश र दुनियाँका सामु लेखनमार्फत् पस्किनु आफ्नो दायित्व कर्तव्य वा लक्ष्य संझेको हुन्छ । जीवनमा आफूले आर्जन गरेको अध्ययन अनुभव वा ज्ञानको पुँजी देश र दुनियाँको उपयोगिताका लागि बितरित गरिदिउँ भन्ने अभिलाषा राखेको हुन्छ । समाज देश र दुनियाँलाई परिवर्तन र प्रगतिको दिशातिर मोड्न चाहने लेखक वा साहित्यकार यस कार्यप्रति प्रतिवद्ध रहेको हुन्छ । खालि मनोरञ्जन वा धन उपार्जनको लागि कलम चलाउने लेखक वा साहित्यकारको कुरा अर्को हो । तर उनीहरूको कलमबाट पनि कुनै समाजोपयोगी कुरा उत्पादित र प्रकाशित हुन्छ भने त्यो निश्चित रूपमा समाजको लागि स्वागतयोग्य कृति मान्न सकिन्छ । त्यसलाई सहर्ष स्वीकार गर्न सकिन्छ । तर यसको संभावना बहुत कम छ ।

# नेप्सेमा झिनो अंकको गिरावट



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज परिसूचक (नेप्से)मा बुधबार पनि झिनो गिरावट आएको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार कारोबार मापक नेप्से परिसूचक १.८८ अंकले घटेर २ हजार ६७५.५१ विन्दुमा झरेको छ । मंगलबार बजार ०.२१ अंकले घटेको थियो ।

'क' वर्गका कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक भने १.८८ विन्दुले घटेर ४७७.१८ विन्दुमा पुगेको छ । नेप्से परिसूचक घटे पनि कारोबार रकम भने मंगलबारको तुलनामा बढेको छ । यो दिन कूल २४४ कम्पनीको १ करोड १६ लाख कित्ता सेयर किनबेचबाट ५ अर्ब २२ करोड रुपैयाँको कारोबार भएको हो । मंगलबार ४ अर्ब ११ करोड रुपैयाँ बराबरको कारोबार भएको छ ।

कारोबार भएका १३ उप-समूहमध्ये पाँच उप-समूहको शेयरको मूल्य बढेको छ भने आठ उप-समूहको शेयरको मूल्य भने घटेको छ । क्याचुअल फण्ड समूहमा सबैभन्दा धेरै १.०९ प्रतिशत वृद्धि हुँदा होटल तथा पर्यटन क्षेत्रमा सबैभन्दा ०.७५ प्रतिशतले गिरावट आएको छ ।

बजारमा नारायणी विकास बैंकको शेयरमूल्यमा सकारात्मक सर्किट लागेको छ । बलेफी हाइड्रोपावर र पिपुल्स हाइड्रोपावरको सेयरमूल्य समेत ९ प्रतिशत भन्दा धेरैले बढ्दा कुथेली भुकारी स्मल हाइड्रोपावरको मूल्य सर्वाधिक ९ प्रतिशतभन्दा धेरैले घटेको छ ।

बजारमा नेपाल फाइनान्सको सेयरको सबैभन्दा धेरै ३५ करोड रुपैयाँ बराबरको कारोबार भयो । कारोबार संख्याको आधारमा समेत सोही कम्पनी अगाडि हुँदा कारोबार भएको स्क्रिपको संख्यामा भने सानिमा ग्रोथ फण्ड अगाडि रह्यो ।

# छठ पर्वको महत्व !

मानव सभ्यता बोधक, प्रकृतिप्रति कृतज्ञता र आराध्यदेव सूर्यको उपासना गरी मनाइने छठ पर्वको मुख्य विधि भोली शुक्रबारदेखि सुरु हुँदैछ । मुख्य विधिअन्तर्गत पहिलो दिन (चतुर्थी) को विधिमा अरबा-अरबाइन गरिन्छ, जसलाई नहाय-खाय पनि भन्ने गरिएको छ ।

दोस्रो दिन खरना, तेस्रो दिन अस्ताउँदो र चौथो दिन उदाउँदो सूर्यलाई अर्घ दिने विधि गरिन्छ । सूर्य उपासना परम्पराको मोहक पद्धति मानिएको संसारमा यही एक यस्तो पर्व हो, जसमा अस्ताउँदो र उदाउँदो सूर्यलाई पूजा गरिन्छ । मानव सभ्यताको विकास नदी किनार हुँदै भएको, पञ्चतत्वमध्ये सूर्य र जल अपरिहार्य तत्व रहेकाले यी दुई तत्वहरूप्रति श्रद्धाभाव व्यक्त तथा जीवन, जगत्, प्रकृति, वनस्पति, ग्रह, नक्षत्र, संवत्सर, समय, काल सबैका कारक रहेका सूर्यको आराधनाले आपसी सद्भाव, एकता र सहिष्णुताको सन्देश यस पर्वमा सन्निहित रहेको छ ।

छठको पहिलो दिन (चतुर्थी) व्रतीले भोजनमा माछामासु, लसुन, प्याज, कोदो, मसुर वस्तु परित्याग गरी यसै दिनदेखि व्रत बस्न थाल्छन् । पर्वको दोस्रो दिन (पञ्चमी) खरना गरिन्छ, जसलाई पापको क्षय पनि भनिन्छ । गाईको गोबरले लिपपोत गरी अरबा चामलको पिठोबाट तयार पारिएको झोलले भूमि सुशोभित गरी व्रती उक्त दिन दिनभरि निर्जला व्रत बस्छन् र राति चन्द्रोदयपछि चन्द्रमालाई पायस (खीर) अर्पण सोही प्रसाद गर्छन् । यस दिनपछि व्रतीले पूर्ण लिनुपर्दछ ।

तेस्रो दिन (षष्ठी) गहुँ र चामल ओखल, जाँतो वा ढिकीमा कुटान-पिसान गरी सोबाट विभिन्न गुलियो खाद्य सामग्री बनाइन्छ । सोही दिन अन्नबाहेक फलफूल, ठकुआ, भुसवा, खजुरी, पेरूकिया तथा मूला गाँजर, बेसारको गाँठो, ज्यामिर, नरिवल, सुन्तला, केरा, नाङ्लो, कोनिया, सरबा, ढाकन, माटोको हात्ती ठूलो ढक्कीमा राखी परिवारका सम्पूर्ण सदस्य विभिन्न भक्ति एवम् लोकगीत गाउँदै निर्धारित जलाशयसम्म पुग्ने गर्छन् ।

परिकारहरू जलाशयको किनारमा राख्नुअघि त्यस ठाउँ र पूजा सामग्रीलाई व्रतीले पाँचपटक साष्टाङ्ग दण्डवत गर्छन् । त्यस ठाउँलाई पवित्र पार्न परिवारका सदस्यले पहिले नै तान्त्रिक पद्धति अनुरूप अरिपन चित्र कोरेका हुन्छन् । त्यसपछि व्रतीले सन्ध्याकालीन अर्घका लागि पानीमा पसेर सूर्य अस्ताउञ्जेलसम्म आराधना गर्छन् ।

यस क्रममा व्रतीले दुवै हत्केलामा पिठार र सिन्दूर लगाएर अक्षता फूल हालेर अन्य अर्घ सामग्री पालैपालो गरी अस्ताचलगामी सूर्यलाई अर्पण गरेर डिलमा आउने गर्छन् । पर्वको चौथो (अन्तिम) दिन पार्वण गरिन्छ । यस दिन बिहान उषाकालमा व्रत गर्नेहरू पुनः जलाशयमा पुगी अघिल्लो दिन गरेको क्रम दोहोऱ्याइ प्रातःकालीन सूर्यलाई अर्घ दिन्छन् । अर्घ सम्पन्न भएपछि सूर्य पुराण श्रवण गर्ने चलन छ । व्रतीले छठ व्रतको कथा सुन्ने र सुनाउने परम्परा छ ।

सूर्यलाई आदिदेवता पनि भनिन्छ । मानवमात्रको अस्तित्वपछि सर्वप्रथम उज्यालो दिने, जीउमा गर्मी उत्पन्न गर्ने र रोगव्याधीबाट जोगाउने सूर्य नै रहेको मान्यता पाइन्छ । रात्रिको अन्धकारबाट भयभित भएकालाई सूर्यको प्रकाशले त्राण दिने भएकाले आदिकालीन मानवले सूर्यको उपासना पूजा गर्ने गरेका थिए । उत्तर वैदिककालका मिथिलाका प्रसिद्ध चिन्तक र दार्शनिक याज्ञवल्क्यले सूर्यलाई गुरू मानेका थिए ।

वैदिक साहित्यको मुख्य सार सूर्य उपासना नै हो । वेदमा सूर्यलाई ऐश्वर्य र ऋग्वेदमा सबै देवताको स्रोत, महाभारतमा सम्पूर्ण जगत्का प्राणीसित सम्बद्ध भएको बताइएको छ । सृष्टिका सबै जीव र वनस्पति सूर्यको तापबाट बाँचेका छन् । त्यस्तै सूर्योपनिषद्मा ब्रह्मा, विष्णु र रूद्र भनिएको छ । महाभारतमा धर्मराज युधिष्ठिर सूर्य स्तवन गर्दै सूर्यलाई ब्रह्मा, विष्णु र रूद्रका अतिरिक्त इन्द्र, प्रजापति, अग्नि, मनु, प्रभु, चराचर जगतका पालनकर्ता र मोक्षदाता रूपमा वर्णन गरिएको छ । ऐतरेय ब्राह्मण उपनिषद्मा सूर्यको उत्पत्ति सन्दर्भमा सूर्यलाई पार्थिव अन्तरीक्ष एवम् दिव्य अग्निको पिण्ड भएको उल्लेख गर्दै अग्निमा सोमको आहुतिबाट सूर्यको उत्पत्ति भएको भनिएको छ । यसका अतिरिक्त वैज्ञानिक, ज्योतिषी तथा चिकित्सकहरूले सूर्य तत्वबाट आफ्नो ज्ञान अभिवृद्धि गरी जनकल्याणका लागि अन्वेषण गरेको प्रसङ्ग पनि पाइन्छ । सूर्यको किरणबाट चिकित्साबारे देश-विकासका कैयौँ चिकित्सकले ग्रन्थ लेखेका छन्, तथा कैयौँ असाध्य तथा अक्षय रोगहरूको आश्चर्यजनक उपचार खोजिएको छ । अथर्ववेदमा खुट्टा, जोर्नी, तिघ्रा, काँध, मस्तक, कपाल तथा मुटुसम्बन्धी रोगहरूको उपचार उदीयमान सूर्य किरणद्वारा निस्तेज गरिने उल्लेख गरिएको छ । सूर्यद्वारा चर्मरोगसम्बन्धी रोगको अचुक उपचार गर्नुका साथै दुसाध्य कुष्ठरोगको मुक्ति पाउनका लागि कैयौँ प्राचीन साहित्यमा उपचार प्रसङ्ग पाइन्छ ।

संस्कृतिविद् रामभरोस कापडीका अनुसार साम्बपुराणमा आफ्नै पिता श्रीकृष्ण तथा महर्षि दुर्वासाको श्रापले कुष्ठरोगबाट पीडित कृष्णपुत्र साम्ब सूर्यको आराधनाले रोगमुक्त भएको चर्चा गरिएको छ । मिथिला क्षेत्रमा कुनै पनि पूजा, अनुष्ठान इत्यादि गर्दा आरम्भमा शुद्धीकरण पछि सर्वप्रथम पञ्चदेवता र विष्णुको पूजा गर्ने प्रचलन छ । पञ्चदेवतामध्ये सूर्य पनि एक हुन् । सूर्यलाई आइतबारको देवताको रूपमा पनि चिनिन्छ ।

जीवनदायी शक्ति सूर्य देवता र छठी माताको उपासना गरी मनाइने यस पर्वको व्रतलाई कठिन व्रत मानिन्छ । अत्यन्त श्रद्धा र निष्ठाले मनाइने पर्व छठ 'षष्ठी' शब्दको लोककरण हो । सूर्यलाई आरोग्यका देवताका साथै निर्धनताका निवारक पनि मानिन्छ । छठ पर्वमा सूर्यको पूजाअर्चना गर्नु मूल तत्व मानिए पनि छठ परमेश्वरी र भगवान् सूर्य उपासनाको सम्मिलित पर्व मानिन्छ । यसरी एउटै आराध्यदेवलाई पुरूष र स्त्री दुवै संज्ञाले भक्तिभाव प्रकट गर्नुको अभिप्राय सृष्टिको प्राकृतिक स्वरूपप्रति सम्मान गर्नु हो । पहिला मिथिलाञ्चलमा मात्र सीमित रहेको छठ पर्व अहिले पहाडी क्षेत्र र अन्यत्र पनि लोकप्रिय हुँदै गएको छ ।

छठ शब्द षष्ठी शब्दको तद्भव रूप हो । षष्ठीका दिन षष्ठीका देवीसमेतको पूजा भएकाले यस पर्वको नाम षष्ठी, छठी र छठ हुन गएको संस्कृतिविद् कापडी बताउनुहुन्छ । "यस पर्वमा अस्ताउने र उदाउने सूर्यलाई अभिनन्दन गर्नुको अर्थ जीवनमा सुख, दुःख, रोदन र हाँसोलाई समानरूपमा र जीवनकै पाटोका रूपमा लिनु हो", उनी भन्छन् । छठमा धनी, गरीब, सबै जातजाति एकै ठाउँमा उपस्थित भई पूजा गर्नु भनेको ईश्वरीय सत्ताको दृष्टिमा सबै समान हुन् भन्ने सन्देश अन्तरनिहित रहेको पाइन्छ ।

'सूर्यको उपयोगिता कृषि संस्कृतिमा अपरिहार्य भएकाले सूर्यप्रति कृतज्ञताको अभिव्यक्तिका साथै नारी सर्वोच्चता स्थापित गर्ने र आफ्नै खेतवारीमा उब्जने कृषि उत्पादनलाई प्रयोग गर्नु छठको मौलिक विशेषता हो ।-' संस्कृतिविद् कापडीले भने ।

छठ प्रकृति र पुरूषको पूजा हो, सन्तान उत्पादनका लागि दैवी कृपाको अपेक्षा यस व्रतसँग जोडिएको छ । सामुदायिक सद्भाव मूलमन्त्र रहेको यस पर्वमा कुलीन भनिएको परिवारका बुहारीले छठको आशीर्वाद स्वरूप प्रसादका निम्ति थापेको आँचलमा कुनै दलितको अर्घको ठेकुवा आए पनि सहर्ष स्वीकार्ने यसको विशिष्ट पक्ष मानिन्छ । (फ्रेसन्युज नेपालबाट)

दैनिक लुम्बिनी
रु.जि.हु.द.नं.१३/०६३/०६४
२०८१ कार्तिक २२, गते बिहीबार
Thursday Nov.07, 2024
न.प.जि.प्र.का.द.नं.४/०४५/०४६


# मुलुकलाई अस्थिरताबाट बचाउन कांग्रेस–एमालेको सरकार : कांग्रेस नेता श्रेष्ठ




**श्रीकृष्ण सिग्देल**

*स्याङ्जा*

नेपाली काँग्रेसका केन्द्रीय सदस्य गोपालमान श्रेष्ठले पटक–पटक सरकार फेरिरहने अस्थिरताबाट बचाउन काँग्रेस–एमाले मिल्नुपरेको बताएका छन् । स्याङ्जाको वालिङमा काँग्रेसका कार्यकर्ताहरुको भेटघाट कार्यक्रममा काँग्रेस नेता श्रेष्ठले मुलुकलाई अस्थिर सरकारबाट बचाउन काँग्रेस–एमाले एक ठाउँमा उभिनु परेको बताएका हुन् । मुलुकको वर्तमान राजनीतिक अवस्था र सरकारले गरेका कामको जानकारी दिन आयोजना गरिएको कार्यकर्ता भेटघाट कार्यक्रममा काँग्रेस नेता श्रेष्ठले देशको स्थिरताका लागि काँग्रेस–एमाले मिलेर सरकार बनाउनु परेको बाध्यतात्मक अवस्थाका बारेमा जानकारी दिए ।

काँग्रेस र एमालेबाट बनेको सरकार आगामी निर्वाचनसम्म रहने बताउँदै काँग्रेस नेता श्रेष्ठले यो सरकार बनेपछि सहकारीहरु ठगी गर्ने कारबाहीको दायरमा आएको बताए । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का नेता कार्यकर्ताहरूको व्यवहार राम्रो नभएको भन्दै नेता श्रेष्ठले आफ्ना नेताहरू पक्राउ पर्दा आफूहरूले कहिले पनि विरोध नगरेको उल्लेख गरे । ‘आरोप लागेपछि अनुसन्धान गर्न पाउनु पर्छ,’ काँग्रेस नेता श्रेष्ठले भने-‘दोषी भए रास्वपाका सभापति रवि लामिछानेलाई कारबाही हुन्छ, अनुसन्धानमा दोषी नदेखिए लामिछानेले सफाइ पाउँछन्, यसका लागि सडक आन्दोलन गरेर अनुसन्धानलाई प्रभावित बनाउन पाइदैन ।’

रास्वपाले आन्दोलनका नाममा राष्ट्रिय झण्डाको दुरुपयोग गरेको समेत श्रेठले आरोप लगाएका छन् । रास्वपाले गरेको आन्दोलनमा राष्ट्रिय झण्डाको दुरुपयोग हुँदा सरकार मौन बस्न नहुने समेत तर्क पेश गरेका छन् । सडकमा आन्दोलन गरेर सहकारीको रकम अपचलन गर्ने व्याक्तिहरुले छुटकारा पाउँछन् भन्ने दिवा सपना नदेख्न रास्वपाका नेता तथा कार्यकर्ताहरुलाई श्रेष्ठले चेतावनी दिए । दोहोरो नागरिकता, पास्पोर्ट र सहकारीको रकम अपचलनमा रास्वपाका सभापति लामिछाने माथी आरोप लागे पनि छानविनमा सघाउनुपर्नेमा झनै सडक आन्दोलन गरेर भ्रष्टचारलाई जोगाउने प्रयत्न गरेको श्रेष्ठको आरोप छ ।

नेपाली काँग्रेस अब एक्लै चुनाव लड्ने घोषणा गरिसकेकोले आगामी निर्वाचनमा काँग्रेसलाई बहुमत बनाउने गरी लाग्न श्रेष्ठले काँग्रेसका कार्यकर्तालाई आग्रह गरे ।

पार्टीको निर्वाचनमा समूहको लडाई भएपनि आम निर्वाचनमा भने काँग्रेस एकजुट हुनुपर्ने काँग्रेस नेता श्रेष्ठको भनाइ थियो । कार्यक्रममा कार्यकर्ताहरुले नेतृत्वबाट नै गुटगतको राजनीति अन्त्य हुनुपर्ने सुझाव दिएका थिए । कार्यक्रममा स्याङ्जा क्षेत्र नम्वर २ का सभापति दिलिपप्रताप खाँण, क्षेत्र नम्बर २ को प्रदेश (ख) का सभापति तथा प्रदेश सांसद महेश भट्टराई, क्षेत्रीय सचिव फणिनारायण रेग्मीले काँग्रेसलाई विकाससँग जोड्नुपर्नेमा जोड दिएका थिए ।

# जापानिज इन्सेफलाइटिसबाट १५ जिल्लामा २३ जनाको मृत्यु

काठमाडौं । नेपालमा जापानिज इन्सेफलाइटिस (जेई) को प्रकोप बढ्दै गएको छ । परिवार कल्याण महाशाखाको अनुसार यसवर्ष जेई संक्रमणले १५ जिल्लाका २३ जनाको मृत्यु भएको छ ।

देशभर ३० जिल्लामा फैलिँदा ८० जना संक्रमित फेला परेका छन् । ९१५ शंकास्पद बिरामीको नमूना परीक्षण गरेको महाशाखाले जनाएको छ । यो परीक्षण राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट मात्रै हुँदै आएको छ ।

महाशाखाका अनुसार, संक्रमितमध्ये २८.७५ प्रतिशतको मृत्यु भएको छ । संक्रमितमा अधिकांश १५ वर्षमुनिका बालबालिका रहेको खोप शाखाका प्रमुख डा. अभियान गौतमले बताए ।

जापानिज इन्सेफ्लाइटिसबाट सबैभन्दा बढी प्रभावित जिल्ला कैलालीमा ३ जना संक्रममितको मृत्यु भइसकेको छ । कपिलवस्तु, रौतहट, सिराहा, सुनसरी र झापामा दुई-दुई जनाको मृत्यु भएको छ । रुपन्देही, पाल्पा, चितवन, काठमाडौं, पर्सा, सर्लाही, नवलपरासी, सिन्धुली र धनुषामा एक-एक जनाको मृत्यु भएको छ ।

नेपालमा जापानिज इन्सेफ्लाइटिसको मृत्युदर बढेर २८ प्रतिशत पुगेको छ । खोप अभियानले रोग नियन्त्रणमा रहेको भनिए पनि पछिल्लो समय मृत्युदर बढ्दा स्वास्थ्य विज्ञहरू चिन्तित व्यक्त गरेका छन् । गत वर्षको तुलनामा यस वर्ष मृत्यु संख्या बढेको छ ।

सन् २०२३ मा नेपालमा १०७ वटा संक्रमण पुष्टि हुँदा ७ जनाको मृत्यु भएको थियो । त्यसैगरी, २०२२ मा ६६, २०२१ मा २८, २०२० मा २२ जनामा संक्रमण पुष्टि भएको थियो । विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) का अनुसार एसियामा वार्षिक करिब एक लाख मानिस यस रोगबाट प्रभावित हुने गरेका छन् । विशेषगरी १५ वर्षमुनिका बालबालिकामा जेई बढी देखिने र मृत्युदर ३० प्रतिशतसम्म पुग्न सक्ने संगठनले जनाएको छ ।

महाशाखाको तथ्यांक अनुसार १५ वर्षभन्दा मुनि ४२ जनामा र १५ वर्षभन्दा माथि ३८ जना संक्रमित भएका छन् ।

डा. गौतमका अनुसार जेष्ठ नागरिकको बढी मृत्यु भइरहेको छ । उनीहरुले जेईको खोप लगाएका छैनन् । खोप नै मुख्य सुरक्षा हो ।

सन् १९७८ मा पहिलो पटक नेपालमा पुष्टि भएको जेई मुख्यतया तराई र भित्री मधेशमा बढी देखिन्छ । २०७३ साल साउनदेखि नियमित खोप कार्यक्रममा समावेश गरिएको यो रोगविरुद्ध १२ महिनामाथिका बालबालिकालाई खोप दिइँदै आएको छ ।

खोप शाखाका प्रमुख डा. गौतमका अनुसार सन् १९९९ मा पाँच जिल्लाबाट सुरु भएको खोप अभियान २००९ सम्ममा २० जिल्लामा विस्तार गरिएको थियो ।

गौतमका अनुसार खोप नलगाएका, पहाडबाट तराई झरेका र पहिलेको खोप अभियानमा छुटेका व्यक्तिहरू उच्च जोखिममा रहेका छन् ।संक्रमित चरा र सुँगुरबाट लामखुट्टे मार्फत मानिसमा सर्ने यो रोगका लक्षणहरूमा उच्च ज्वरो, मुर्छा, घाँटी अरर हुने, भ्रम, बोल्न नसक्ने र मांसपेशी कमजोर हुने वा पक्षाघात समेत हुन सक्छ ।

जापानिज इन्सेफलाइटिस भाइरसबाट हुने रोग हो । यो भाइरस क्यूलेक्स लामखुट्टेले सार्छ । रोग सार्ने लामखुट्टेहरू बिहान र बेलुका सक्रिय हुन्छन् । यो रोग भाइरसबाट संक्रमित चराचुरुंगी र सुँगुरलाई टोक्ने लामखुट्टे सुरुमा आफू संक्रमण हुन्छ र त्यसले टोक्दा मानिसमा संक्रमण सर्छ ।

माछा मार्ने, बागबानी, क्याम्पिङजस्ता काममा खटिने, सुँगुर पाल्ने स्थानमा काम गर्ने वा नजिकै बस्ने मानिसहरू थप सतर्क हुनुपर्ने डा. गौतमले बताए ।

संक्रमित चरा र सुँगुरबाट लामखुट्टेमार्फत् मानिसमा सर्ने यो रोगका लक्षणहरूमा उच्च ज्वरो, मुर्छा, घाँटी अरर हुने, भ्रम, बोल्न नसक्ने र मांसपेशी कमजोर हुने वा पक्षाघात समेत हुन सक्छ । जापानिज इन्सेफलाइटिसको निश्चित कुनै उपचार छैन । यसको लक्षणअनुसारको उपचार गरिन्छ । जस्तै ज्वरो आएमा त्यसको उपचार, कम्पन छुटिरहेको भए सम्बन्धित उपचार, टाउको दुखिरहेको भए त्यसलाई कम गर्ने उपचार हुन्छ ।

यस्तोमा शरीरको प्रतिरोधात्मक क्षमता बलियो हुनेहरुमा लाक्षणिक उपचारपछि बिस्तारै ठीक हुन्छन् । तर जसको प्रतिरोधात्मक क्षमता कम छ । एचआईभी संक्रमित, मधुमेह जस्ता रोग र प्रतिरक्षा प्रणाली कमजोर भएका मानिस बढी जोखिममा हुन्छन् । प्रतिरोध क्षमताले लड्न सक्ने र समयमै उपचार पाइएन भने ज्यानै जाने जोखिम समेत रहन्छ ।

संक्रमण भएको चारदेखि १४ दिनसम्ममा यसको लक्षण देखिन सुरु हुन्छ । उच्च ज्वरो आउनु, टाउको दुख्नु, घाँटी कडा (अररो) हुनु, मांसपेशी कडा हुनु, अचेत हुनु लक्षण हुन् ।

यसको विशेषगरी औषधि वा एन्टिभाइरल औषधि भने हुँदैन । उपचार लक्षण वा जटिलतामा आधारित हुने गर्छ । तर यो भाइरसविरुद्धको खोप भने उपलब्ध छ ।

मनसुनको समयमा यो रोगको जोखिम बढी हुने हुन्छ । वर्षायाममा बढी आद्रता र बाढीका कारण सरसफाइमा कमी आउँदा लामखुट्टेको वृद्धि हुन्छ । जसले संक्रमणको जोखिम बढाउँछ । ‘साउन, भदौ, असोजमा महिना जेइ को संक्रमणदर उच्च हुन्छ । जाडो महिनामा बिस्तारै संक्रमणका केस घट्दै जान्छन् ।’- उनले भने । जेईको नियन्त्रणको प्रमुख उपाय भनेको खोप नै हो । शिशुलाई जन्मेको १२ महिनामा यो खोप दिइन्छ ।

चिकित्सकका अनुसार जापानी इन्सेफ्लाइटिसबाट बच्नका लागि लामो बाहुलाको लुगा लगाउने, घर वरिपरि सरसफाइ कायम राख्ने, लामखुट्टे धपाउने झुल वा क्रिमको प्रयोग गर्ने, पानी जम्न दिनुहुँदैन । साथै पशुपंक्षीको खोर मानिस बस्ने घरभन्दा टाढा राख्न चिकित्सक सुझाव दिन्छन् ।

# ग्रामीण स्वावलम्बन साना किसान कृषि सहकारी स्याङ्जाकै उत्कृष्ट

स्याङ्जा । स्याङ्जाको अर्जुनचौपारी गाउँपालिका कार्यक्षेत्र रहेको ग्रामीण स्वावलम्बन साना किसान कृषि सहकारीले कृषि क्षेत्रमा जिल्लामै उत्कृष्ट काम गर्दै आएको छ । जिल्लाका सयौ सहकारी मध्ये स्वावलम्बन सहकारी कृषि क्षेत्रमा कामबाटै उत्कृष्ट बनेको हो ।

सहकारीले लघुवित्त प्रवर्द्धनमार्फत् सहुलियत व्याजदरमा झण्डै २५ करोड ऋण प्रबाह गरेको छ । गाउँपालिकाका ३ हजार ४ सय ८४ घरधुरी मध्ये करिब २५ सय शेयर सदस्यबिच कारोबार गर्दै आएको छ । आर्थिक २०८१/०८२ सम्ममा प्रत्येक घरधुरीलाई सहकारीमा आबद्धता बनाउने अभियान चलाएको छ ।

शेयर सदस्यले पालन गर्दै पशुहरुको बिमा गर्ने कार्यक्रमलाई सहकारीले प्राथमिकता दिँदै आएको छ । २०७४/०७५ देखि सञ्चालन गरिएको पशु बिमा कार्यक्रममार्फत् पशु क्षतिपूर्ति स्वरुप शेयर सदस्यलाई २२ लाख भुक्तानी गरिएको सहकारीका अध्यक्ष बोधनारायण रेग्मीले बताए । उनका अनुसार बिमा कोष मात्रै १ करोड ३१ लाख ४९ हजार ५ सय ४९ रुपैयाँ रहेको छ ।

सहकारीले आफ्ना शेयर सदस्यहरुको सुरक्षाका लागि म्यादी जीवन बिमा कार्यक्रम सञ्चालन गरेको छ । उमेर हदअनुसार ३ लाखदेखि १५ लाखसम्मको म्यादी जीवन बिमा गरिने अध्यक्ष रेग्मीले बताए । म्यादी बिमामा सबै सदस्यलाई समावेश गर्ने तयारी समेत गरेको उनले बताए । आफ्ना शेयर सदस्यहरलाई कृषिमा आत्मनिर्भर बनाउन सहकारीले ‘आलिदेखि थालिसम्म’ भन्ने अभियान चलाएको छ । अभियानअर्न्तगत मौसमी तथा बेमौसमी खेतीका लागि निःशुल्क बिउबिजन र टनेल वितरण गर्दै आएको सहकारीले जनाएको छ ।

सामुदायिक सामाजिकअन्तर्गत ‘मत्रोदेखि कात्रोसम्म’ कार्यक्रममा शेयर सदस्यमध्ये सुत्केरी हुने महिलालाई २ हजार स्याहार खर्च दिने गरेको छ । सहकारीले शेयर सदस्यको मृत्यु भएमा कृया खर्च बापत १५ हजार र कोरोनाका कारणले मृत्यु भएमा २५ हजार दिने व्यवस्था गरेको सहकारीका प्रबन्धक शालिग्राम काफ्लेले बताए ।

सहकारीले कृषि र पशुपालनमा आबद्ध शेयर सदस्यलाई ५० प्रतिशत मासुजन्य लगानीमा २ वटा भैंसी फार्म, ४ वटा बाख्रा फार्म र २ वटा बंगुर फार्म सञ्चालन गर्दै आएको छ । २० वटाभन्दा बढी बाख्रा पालन गर्ने सदस्यलाई खोर व्यवस्थापन भनेर ५ हजार अनुदानको व्यवस्था गरेको छ ।

कृषिमा व्यवसायीकरण गर्न आउँदो वर्षदेखि सहकारीले कृषि प्रदर्शनी, कफी, सुन्तला र मौरीपालनमा युवा स्वरोजगार कार्यक्रम सञ्चालन गर्ने भएको छ । भकारो सुधार, पशु नश्ल सुधारका लागि पशु प्राविधिकको व्यवस्था समेत गर्ने भएको छ । सहकारीले ५० प्रतिशतमा पशुको औषधि वितरण, उन्नत जानको बोका र राँगाको वितरणका लागि पहल गर्ने भएको छ ।

नेपालका विभिन्न जिल्लामा सञ्चालित साना किसान कृषि सहकारीमध्ये स्याङ्जाको ग्रामीण स्वावलम्बन सहकारीले उत्कृष्ट काम गरेको साना किसान कृषि सहकारी महासंघका अध्यक्ष खेम पाठकले दाबी गरे । सहकारीले पशुपालन र कृषिमा उदाहरणीय काम गरेको पाठकले बताए । कृषि सहकारीमार्फत् उत्कृष्ट काम गर्ने सहकारीहरुलाई सहुलियत दरमा ऋण दिएर भए पनि शेयर सदस्यको आर्थिक विकासमा टेवा पुऱ्याउने तयारीमा महासंघ लागेको अध्यक्ष पाठकले जानकारी दिए । सहुलियत दरमा ऋण उपलब्ध गराउन जापानिज सहयोग नियोग (जाईका) सहितका दातृ निकायसँग छलफल चलिरहेको समेत उनले जनाए ।

**लुम्बिनी...**

स्थानीय तह निर्वाचन ऐन, २०७३ मा जिल्ला समन्वय समितिका प्रमुख, उप-प्रमुख, गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, नगरपालिका प्रमुख, उप-प्रमुख र वडाध्यक्षको पदावधि समाप्त नहुँदै निजको पद कुनै कारणले रिक्त भएमा र एक वर्षभन्दा बढी पदावधि बाँकी रहेको अवस्थामा बाँकी अवधिका लागि उप-निर्वाचनद्वारा पदपूर्ति हुने व्यवस्था छ ।

उप-निर्वाचनका लागि मङ्सिर २ गते उम्मेदवारी दर्ता गर्नुपर्नेछ । मङ्सिर २ गते बिहान १० देखि अपराह्न ५ बजेसम्म निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको मनोयन दर्ता हुने छभने सोही दिन साँझ ५ देखि ६ बजेसम्म उम्मेदवारको सूची प्रकाशन हुनेछ ।

आयोगका अनुसार २०७९ मा सम्पन्न स्थानीय तहको निर्वाचनमा पुरुष उम्मेदवार निर्वाचित भई कार्यभार सम्हालिरहेको स्थानीय तहमा रिक्त रहेको पदमा महिला उम्मेदवार रहने गरी मनोनयनपत्र पेस गर्न राजनीतिक दललाई निर्देशन दिइएको छ ।

मङ्सिर ३ गते बिहान १० देखि अपराह्न ३ बजेसम्म उम्मेदवारको विरोधमा उजुरी दिने, सोही दिन अपराह्न ३ बजेपछि मनोनयपत्र र उजुरीमाथि जाँचबुझ एवं निर्णय गरी मङ्सिर ४ गते साँझ ५ देखि ६ बजेसम्म उम्मेदवारको नामावली प्रकाशन हुनेछ ।

मङ्सिर ५ गते बिहान ९ देखि अपराह्न १ बजेसम्म उम्मेदवारले नाम फिर्ता लिन सक्ने छभने सोही दिन दिउँसो १ देखि ३ बजेसम्म अन्तिम नामावली प्रकाशन गरी दिउँसो ३ देखि ५ बजेसम्म उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिने छ । मङ्सिर १६ गते बिहान ७ देखि अपराह्न ५ बजेसम्म मतदान हुनेछ ।

उपनिर्वाचनका लागि आयोगमा २५ राजनीतिक दल दर्ता भएका छन् । आयोगमा दर्ता भएका २६ राजनीतिक दलमध्ये रीत पूरा भएका २५ दल दर्ता गरिएका आयोगले जनाएको छ ।

उपनिर्वाचनमा नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी नेपाल, जनता समाजवादी पार्टी, नेपाल समाजवादी पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, आम जनता पार्टी र नेपाल मजदुर किसान पार्टीले सहभागिता जनाउने छन् ।

यसैगरी मङ्गोल नेशनल अर्गनाइजेसन, सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, बहुजन एकता पार्टी, समावेशी समाजवादी पार्टी नेपाल, हाम्रो नेपाली पार्टी, नेपाल कम्युनिष्ट पार्टी (माले), राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल, नागरिक उन्मुक्ति पार्टी, नेशनल रिपब्लिक नेपाल, राष्ट्रिय जनता पार्टी नेपाल, नेपाली कांग्रेस (बीपी), राष्ट्रिय मातृभूमि पार्टी, जनमत पार्टी र नेपाली जनता दल दर्ता भएका छन् ।


## विनयी त्रिवेणी गाउँपालिका

**गाउँकार्यपालिकाको कार्यालय**
**दुम्किवास, नवलपरासी (बर्दघाट सूस्ता पूर्व)**
**गण्डकी प्रदेश, नेपाल**

## प्रारम्भिक वातावरणीय परिक्षण(Initial Environment Examination–IEE)अध्ययन प्रतिवेदन तयारि सम्बन्धी सुचना

प्रकाशित मितिः २०८१/०७/२२

गण्डकी प्रदेश, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लाको विनयी त्रिवेणी गाउँपालिकाद्धारा निम्न बमोजिमको प्रस्ताब कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | विनयी त्रिवेणी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय<br>दुम्किवास, नवलपरासी (बर्दघाट सूस्ता पूर्ब), गण्डकी प्रदेश, नेपाल |
| **प्रस्तावको व्यहोरा** | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लाको विनयी त्रिवेणी गाउँपालिका क्षेत्रमा पर्ने विनयी खोलाको सि.जी.सिमेन्ट देखी चोखाघाट सम्मकोखण्ड, विनयी खोलाको चोखाघाट देखि सिलौटे पुल सम्मको खण्ड (क) र (ख),विनयी खोलाको सिलौटे पुल देखिपाखापानी सम्मको खण्ड (१) र (२), विनयी खोलाको पाखापानी देखि मसान मजुवा सम्मको खण्ड (१) र (२),गंगटे खोलाको बगर क्षेत्र,खोरंडी खोला, पातखहरे र फुर्सेखोलाखण्डबाट ढुंगा, गिट्टि, बालुवा आदि नदीजन्य पदार्थ संकलन तथा उत्खनन् कार्यको लागि गरिने प्रारम्भिक वातावरण परीक्षण । |
| **प्रभाव पर्न सक्ने गाँउपालिकाका क्षेत्रहरु** | विनयी त्रिवेणी गाउँपालिका अन्तर्गतको वडा नं. १,२,३,४,५ र आसपासको क्षेत्र |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारि गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकि तथा सरोकारवाला व्यक्ति वा सस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आईपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | विनयी त्रिवेणी गाउँपालिका, दुम्किवास, नवलपरासी (बर्दघाट सूस्ता पूर्ब) गण्डकी प्रदेश, नेपाल<br>फोन नं :०७८-४१६१८२,९८५७०४६८२१<br>इमेल :binayitribenigaupalika@gmail.com |

**प्रमुख प्रशासकीय अधिकृत**



## ट्वाइलेट सफा गराउनुहोस्

**तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।**

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

**सम्पर्कः**
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



**प्रो. रामशाह शाहानी**
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

**सम्पर्कः**
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
**फोनः ९८५७०५८८१३,९८०७१८०८१३**

रूपन्देही व्यापार संघको रजत महोत्सव :

# सातावव्यापी कार्यक्रम गरी मनाइँदै




बुटवल । रुपन्देही व्यापार संघको रजत महोत्सव साताव्यापी कार्यक्रम गरी मनाइँदै छ। संघको स्थापना भएको २५ वर्ष प्रवेशको अवसरमा बिहीबारदेखि साताव्यापी कार्यक्रम गर्न लागिएको बुधबार पत्रकार सम्मेलन गरी जानकारी गराइएको हो।

२०५७ साल कात्तिक २८ गते रुपन्देही व्यापार संघको स्थापना भएको थियो। यहि कात्तिक २८ गते संस्था स्थापना भएको २४ वर्ष पूरा भई २५ वर्षमा प्रवेश गर्दैछ। त्यसको अवसरमा संघले यहि कात्तिक २२ देखि २८ गतेसम्म विभिन्न कार्यक्रम गरी रजत महोत्सव मनाउन लागिएको संघका अध्यक्ष दीपकप्रसाद अधिकारीले जानकारी गराए।

रजत जयन्तीको अवसरमा आयोजना गरिएको साताव्यापी कार्यक्रमको पहिलो दिन २२ गते बिहीबार मानवसेवा आश्रम बुटवलको सुख्खानगर र तिलोत्तमाको पश्चिम पहुनीमा आश्रीत २ सय जनालाई खाद्यान्न तथा लत्ता कपडा वितरण गरिने छ। त्यसैगरी २३ गते शुक्रबार रुपन्देहीमा व्यापारको इतिहास र वर्तमान, सम्भावना र चुनौती विषयमा अन्तरमाध्यमिक विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता आयोजना गरिएको छ।

२४ गते शनिबार संघसंस्थाबिच मैत्रीपूर्ण फूटसल प्रतियोगिता तथा २५ गते आइतबार संघमा गठित बस्तुगत उपसमितिबिच मैत्रीपूर्ण व्याडमिन्टन प्रतियोगिता आयोजना गरिएको छ। २६ गते रक्तदान कार्यक्रम, २७ गते लुम्बिनी प्रादेशिक अस्पतालका बिरामीलाई फलफूल वितरण गरिने छ।

त्यसैगरी २७ गते नै प्रभातफेरी कार्यक्रम गरिने छ भने सोही दिन रुपन्देहीमा स्थानीय प्रदेश तथा संघीय सरकारका योजना, लक्ष्य तथा यसले पार्ने प्रभाव विषयक गोष्ठी आयोजना गरिएको अध्यक्ष अधिकारीले जानकारी गराए।

२८ गते मंगलबार रजत महोत्सवको मूल समारोह आयोजना गरिएको छ। सोही समारोहमा संघले प्रकाशन गरेको स्मारिका विमोचन, रजत महोत्सव स्तम्भ निर्माण तथा उद्घाटनको समेत कार्यक्रम तय गरिएको छ।

# ७२ अर्बका पाँच आयोजनाको तयारी फास्ट ट्र्याकमा



काठमाडौं । विश्व बैंकको सहयोगमा नेपालमा सञ्चालन गरिने करिब ७२ अर्ब रुपैयाँ बराबरका पाँचवटा आयोजनाको तयारी फास्ट ट्र्याकमा गरिने भएको छ।

अर्थ मन्त्रालयमा बसेको बैठकले पूर्व पश्चिम राजमार्गको बागमती-पथलैया खण्ड विस्तार, तेस्रो पुल तथा सुधार तथा सम्भार, विद्युत् वितरण प्रणाली आधुनिकीकरण तथा सुधारको आयोजनाको पूर्व तयारी छिटो सम्पन्न गर्ने निर्णय गरेको हो।

तेस्रो चरणको रानीजमरा कुलरिया सिँचाइ र पहुँच तथा उत्थानशिलताको लागि डिजिटल सेवा रुपान्तरणसम्बन्धी आयोजनाको तयारी पनि फास्ट ट्र्याकमा गर्ने निर्णय भएको छ।

विश्व बैंकको सहुलियतपूर्ण ऋण लगानीमा सञ्चालित हुने आयोजनाहरूको सम्बन्धित मन्त्रालयले सरोकारवालासँग छलफल गरी पूर्व तयारी गर्नेछन् भने आवश्यकता अनुसार अर्थ मन्त्रालयले सहजीकरण गर्नेछ । बैठकले सन् २०२५ को फेब्रुअरीसम्ममा आयोजनासँग सम्बन्धित सबै विषयको टुङ्गो लगाइ पूर्व तयारीका काम सक्ने निर्णय भएको छ। तयारी पूरा भएपछि सन् २०२५ को मार्चमा बस्ने विश्व बैंकको बोर्ड बैठकमा ती आयोजनाका प्रस्तावहरु पेस गरिने योजना छ।

उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आयोजनाहरुको पूर्व तयारीमा विशेष ध्यान दिन र आयोजनाहरु स्वीकृत भएपछि कार्यान्वयनमा तदारुकताका साथ लाग्न निर्देशन दिए। उनले नेपालले आफ्नो आवश्यकता अनुसार सहयोग लिने र अधिकतम प्रतिफल दिने ठाउँमा लगानी गर्ने बताए।

# पाल्पामा 'हाम्रो ब्लड बैंक, हामी बनाउँछौं' अभियान



पाल्पा। पाल्पा जिल्लामा रक्तसञ्चार केन्द्र स्थापना गर्न विभिन्न सङ्घसंस्थाबाट रकम सङ्कलन भइरहेको छ । नेपाल रेडक्रस सोसाइटी पाल्पा शाखाले 'हाम्रो ब्लड बैंक, हामी बनाउँछौं' भन्ने अभियान सञ्चालन गरी विभिन्न सङ्घसंस्था तथा व्यक्तिबाट रकम जुटाउन थालेको हो।

रक्तसञ्चार केन्द्र स्थापना गर्न सञ्चालन गरिएको उक्त अभियानमा ऐक्यबद्धता जनाउँदै यहाँका विभिन्न व्यक्ति तथा सङ्घसंस्थाको सहयोगमा हालसम्म रु ४५ लाखबढी रकम सङ्कलन भएको शाखाका जिल्ला सभापति बाबुराम कार्कीले जानकारी दिए। हालसम्म यशस्कर सदस्यबाट रु छ लाख, विशिष्ट सदस्यबाट रु २२ लाख, स्मृतिकोषबाट रु सात लाख, विभिन्न सङ्घसंस्थाबाट रु छ लाख ८० हजार, देशबाहिर काम गर्न गएका विभिन्न व्यक्तिबाट रु तीन लाख ९५ हजार रकम सङ्कलन भएको रेडक्रस कार्यालयले जनाएको छ।

रक्तसञ्चार केन्द्रको स्थायी भवन निर्माण गर्न शहरी विकास मन्त्रालयबाट रु एक करोड ५३ लाख र स्वास्थ्य मन्त्रालयबाट भवन तथा उपकरण खरिद गर्न रु ५० लाख बजेट विनियोजन भएको सभापति कार्कीले बताए । उनका अनुसार सरकारी तथा गैरसरकारी निकायबाट हालसम्म रु दुई करोड ४७ लाख ७५ हजार बराबरको स्रोत सुनिश्चित भएको छ।

जिल्लाका आठ गाउँपालिकाले रु पाँच लाखका दरले रु ४० लाख, दुई नगरपालिकाले रु १० लाखका दरले रु २० लाख अनुदान सहयोग गर्ने प्रतिबद्धता जनाएका छन्। केन्द्र सञ्चालनका लागि रु पाँच करोड ७५ लाख बराबरको रकम आवश्यक पर्ने भएकाले रकम सङ्कलन अभियानमा जोडिन रेडक्रसले सबैमा आग्रह गरेको छ। रेडक्रसले गत चैतदेखि साँझा रुपमा अघि बढाएको उक्त अभियानमा विभिन्न ठाउँमा बसोबास गर्ने पाल्पालीले ऐक्यबद्धता जनाउँदै रकम सहयोग गरिरहेका छन्।

संस्थाले रु तीन करोड अक्षयकोषमा राखेर त्यसबाट आउने ब्याज रकमले कर्मचारी र प्रशासनिक खर्च सञ्चालन, बाँकी रु दुई करोड ७५ हजार रकम भवन निर्माण र सामग्री खरिदमा खर्चिने योजनाअनुसार रक्तसञ्चार केन्द्र स्थापनाका लागि जोड दिइएको शाखाका उप-सभापति भीमसेन कार्कीले बताए।

उनका अनुसार जिल्ला बाहिर रहेका पाल्पाली समाज पोखरा, पाल्पाली समाज काठमाडौँ, लघुवा समाज काठमाडौँ तथा विदेशमा रहेका पाल्पाली सेवा समाज कतार, पाल्पाली सङ्गम अमेरिका, नमस्ते पाल्पा परिवार, दक्षिण कोरियाले आर्थिक सहयोग गरिरहेका छन्। जिल्लामा हाल वार्षिक चार हजार युनिट रगतको आवश्यकता पर्दछ । लायन्स क्लब अफ पाल्पाले भुसालडाँडा क्षेत्रमा भवन निर्माणका लागि निःशुल्क जग्गा प्रदान गरेको छ।

जिल्लामा रक्तसञ्चार केन्द्र नहुँदा बिरामीले रगतका लागि सास्ती खेप्नु परिरहेको छ। रेडक्रसले सञ्चालन गरेको अभियानमार्फत् यथाशीघ्र केन्द्र स्थापना हुने रेडक्रसले जनाएको छ।

यहाँ केन्द्र स्थापना भई सञ्चालनमा आएपछि बिरामीलाई सहज हुनेछ। केन्द्र स्थापनामा नागरिकले उत्साह जनाउँदै स्वतःस्फूर्त रुपमा आर्थिक सहयोग गरिरहेका छन्।

# अठार करोड लागतमा अस्पताल निर्माण गरिँदै




नवलपरासी । पश्चिम नवलपरासीको सरावल गाउँपालिका-५ स्थित धनगडवामा रु १८ करोड लागतमा अधारभूत अस्पताल निर्माण थालिएको छ। सङ्घीय सरकारको स्वास्थ्य मन्त्रालयले सरावलमा १५ शैाको अस्पताल निर्माण गर्न रु १८ करोड बजेट विनियोजन गरेसँगै निर्माण थालिएको हो।

सवरावल गाउँपालिकाका अध्यक्ष सुखाडीप्रसाद चौधरीका अनुसार यसअघि पालिकामा अधारभूत अस्पताल नहुँदा स्थानीय उपचारका लागि परासी, भैरहवा, बुटवललगायत स्थानमा जानुपर्ने बाध्यता थियो। यो अस्पताल निर्माण सम्पन्न भएर सञ्चालनमा आएपछि यहाँका नागरिकको स्वास्थ्यमा पहुँच विस्तार हुनुका साथै समयमा उपचार पाउने उनले बताए।

अधारभूत अस्पतालमा पाउने सबै सेवा, सुविधा यस अस्पतालमा बिरामीलाई उपलब्ध गराइने अध्यक्ष चौधरीले जानकारी दिए। अस्पताल निर्माणका लागि गाउँपालिकाले बोलपत्र आह्वान गरिसकेकाले यथाशीघ्र निर्माण अघि बढाइने उनको भनाइ छ।

सरावल-५ का स्थानीयले दुई बिघा छ कठ्ठा दुई धुर जग्गा अधारभूत अस्पताल निर्माणका लागि दान दिएकाले अस्पताल निर्माणमा जग्गाको समस्या नरहेको वडा नं. ५ का वडाध्यक्ष लक्ष्मणप्रसाद चौधरीले बताए।

यहाँ अधारभूत अस्पताल नहुँदा उपचारको लागि जिल्ला बाहिर जानुपर्ने बाध्यता रहेको बताउँदै अस्पताल सञ्चालनमा आएपछि सहज उपचार पाइने स्थानीय दिनेश सहानीले विश्वास व्यक्त गरे।

# 'टिकटक' आधिकारिक रूपमा सूचीकृत




काठमाडौँ। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा मङ्गलबारदेखि आधिकारिक रुपमा सामाजिक सञ्जाल 'टिकटक' सूचीकरण भएको छ।

सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका- २०८० को दफा ३ को उपदफा १ मा सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालन गर्न चाहने, व्यक्ति, कम्पनी वा संस्थाले सो निर्देशिका बमोजिम मन्त्रालयमा सूचीकरण गर्नुपर्ने व्यवस्था रहेको छ । सोही निर्देशिकाको दफा ३ को उपदफा ४ मा अनुसूची १ बमोजिमको ढाँचामा सम्बन्धित व्यक्ति, कम्पनी वा संस्थाले अनुसूची १ मा उल्लिखित कागजात संलग्न गरी निवेदन दिनुपर्ने व्यवस्था छ।

मन्त्रिपरिषद्को यही कात्तिक ८ गतेको बैठकले टिकटक सूचीकरणको निर्णय गरेको थियो । दसैं, तिहार पर्वका कारण केही ढिला भएको उल्लेख गर्दै मन्त्रालयका सूचना अधिकारी एवं उप-सचिव ममता बास्तोलाले मङ्गलबार टिकटक प्लेटफर्म विधिवरुपमा मन्त्रालयमा सूचीकरण गरिएको जानकारी दिए । सामाजिक सञ्जाल व्यवस्थापन निर्देशिकाअन्तर्गत नेपालभित्र सञ्चालित अन्य सामाजिक सञ्चाललाईसमेत यथाशीघ्र सूचीकरण गराउन मन्त्रालयले विज्ञप्ति जारी गरेको छ।

साथै हालसम्म 'टिकटक'सँगै, 'भाइबर' र 'वी टक' लगायतका सामाजिक सञ्जाल प्लेटफर्म मन्त्रालयमा सूचीकरण भइसकेको छ। "अरु सामाजिक सञ्जाल सूचीकरणको प्रक्रियामा छन्," उपसचिव बास्तोलाले भने- "सकेसम्म सबैलाई समयमै व्यवस्थित गर्ने मन्त्रालयको प्रयास रहन्छ।"

# नवलपरासीमा बजार अनुगमन



परासी । पश्चिम नवलपरासीमा बजार अनुगमन गरिएको छ। संयुक्त जिल्ला बजार अनुगमन समितिले रामग्राम नगरपालिका क्षेत्रका बजारमा बजार अनुगमन गरेको हो।

अनुगमनको क्रममा अधिकांश पसल सञ्चालकले फर्म नविकरण नगराएको र मूल्य सूची नराखेको पाइएको घरेलु तथा साना उद्योग कार्यालय नवलपरासीका उद्योग अधिकृत पुरूषोत्तम पौडेलले जानकारी दिए।

उनको अनुसार रामग्राम नगरपालिकाले दिएको सटर भाडामा व्यवसाय सञ्चालन गरेका व्यवसायीहरूले नविकारणको म्याद गुज्रेको, मूल्य सूची र फर्म दर्ता नगरीकन सञ्चालन गरेको पाइएको हो।

नगरपालिकाले दिएको भाडामा सटरमा सञ्चालन गरेको मिष्ठान भण्डारमा मिठाइमा झिंगा परेको भेटिएको पौडेलले बताए। श्री गणोश मिष्ठान भण्डारमा रसबरी मिठाइमा झिंगा भेटिएको उद्योग अधिकृत पौडेलले जानकारी दिए।

नगरपालिकाले दिएको सटर भाडामा सञ्चालन रहेका मिष्ठान भण्डार किराना पसल, होटल मोबाइल पसल, बिज भण्डार, भेटेनरी पसल गरी १७ वटा पसलमा अनुगमन गरिएको घरेलु तथा साना उद्योग कार्यालय नवलपरासीका मनोज चौधरीले जानकारी दिए।

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्
सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेप्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१९५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com